[आर्थिक वर्ष रेइवा 6 साल संस्करण]

समाज कल्याण निगम साइतामा
प्रिफेक्चर समाज कल्याण परिषद

महत्त्वपूर्ण सूचना

नोभल कोरोनाभाइरस सङ्क्रमणको प्रभावको कारण दिइने आपत्कालीन सानो कोष आदि विशेष कर्जा

आर्थिक वर्ष रेइवा 6 सालमा ऋण मोचन पाउन सक्ने विशेष कर्जाको बारेमा

आर्थिक वर्ष रेइवा 6 को निवासी कर ("समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" को दुवै) छुट भएको खण्डमा ऋण मोचनको दायरामा पर्ने कर्जा प्रकारमा ऋण मोचन आवेदन दिन सकिन्छ।

◆दायरामा पर्ने कर्जा सूची

कर्जा प्रकार	दायरामा पर्ने कर्जा	दायरा बाहिरको कर्जा
संयुक्त सहायता कोष (लम्ब्याएको)	**अन्तिम कर्जा चुक्ताको म्याद रेइवा 7 साल जनवरी 1 तारिख पछिको** कर्जा	रेइवा 6 साल डिसेम्बर 31 तारिखसम्ममा अन्तिम कर्जा चुक्ताको म्याद भएको कर्जा
आपत्कालीन सानो कोष	(1)आवेदन मिति रेइवा 4 साल अप्रिल 1 तारिख **पछि** हुनुका साथै (2)**अन्तिम कर्जा चुक्ताको म्याद रेइवा 7 साल जनवरी 1 तारिख पछि** भएको कर्जा	(1)आवेदन मिति रेइवा 4 साल मार्च 31 तारिख **सम्म** अथवा (2)रेइवा 6 साल डिसेम्बर 31 तारिखसम्ममा अन्तिम कर्जा चुक्ताको म्याद भएको कर्जा
संयुक्त सहायता कोष (पहिलो पटक)		

◆मोचनका आवश्यकताहरू पूरा गरेको छ वा छैन, तलको तालिकामा निश्चय गरी सम्बन्धित पृष्ठ हेर्नुहोस्।

के कर्जा लिने व्यक्ति हाल निवासी प्रमाणपत्रको आधारमा **घरपरिवारको मुख्य व्यक्ति** हुनुहुन्छ ?

- **हो** → कर्जा लिने व्यक्तिले **आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट पाएका** छन् ?
  - **हो** → सम्बन्धित पृष्ठ: P.2・4・5 — **मोचन पाउन सक्नेमा पर्छ**
  - **होइन** → सम्बन्धित पृष्ठ: P.6 — **मोचन पाउन सक्नेमा पर्दैन**
- **होइन** → के हालको **घरपरिवारको मुख्य व्यक्ति** ऋण आवेदन दिएको समयमा कर्जा लिने व्यक्तिसँग **एउटै घरपरिवारमा** हुनुहुन्थ्यो ?
  - **होइन** → कर्जा लिने व्यक्तिले **आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट पाएका** छन् ?
    - **हो** → सम्बन्धित पृष्ठ: P.6 — **मोचन पाउन सक्नेमा पर्दैन**
    - **होइन** → सम्बन्धित पृष्ठ: P.6 — **मोचन पाउन सक्नेमा पर्दैन**
  - **हो** → कर्जा लिने व्यक्ति तथा घरपरिवारको मुख्य व्यक्ति दुवैले **आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट पाएका** छन् ?
    - **हो** → सम्बन्धित पृष्ठ: P.3・4・5 — **मोचन पाउन सक्नेमा पर्छ**
    - **होइन** → सम्बन्धित पृष्ठ: P.6 — **मोचन पाउन सक्नेमा पर्दैन**

◆यो जानकारीमा लेखिएका कुराहरू

1 ऋण मोचन आवेदनको विधिको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) ..... P. 2-6
2 कर्जा चुक्ता स्थगन तथा अन्य मोचन (मोचनको दायरामा **नपर्ने व्यक्तिहरूको लागि**) P.7
3 यस बाहेकका अन्य जानकारी P.7
4 जापानी भाषा नबुझ्ने व्यक्तिको लागि (**For Foreigners**) P.8

[आवेदन/सम्पर्क स्थान]
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
[फोन नम्बर] 050-2018-1839 [सम्पर्क हुने समय] बिदाको दिन बाहेक 9:00-17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

फ्लो चार्टको परिणाम स्वरूप P.2•4•5 को परिचय गराइएकाहरूको लागि

(1) आवश्यक आवेदन कागजातहरूको बारेमा

संख्या	आवेदनको लागि आवश्यक कागजातहरू	स्वयं चेक कोलम
①	**निवासी प्रमाणपत्र (ओरिजिनल)** *अनिवार्य रूपमा निम्न 4 सर्तहरू सबै पूरा गर्ने निवासी प्रमाणपत्र पठाउनुहोस्। •**घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्धको उल्लेख** भएको •"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको ओरिजिनल र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको •माइनम्बरको उल्लेख नभएको •गत 3 महिनाभित्र जारी गरिएको	☐
②	**कर्जा लिने व्यक्तिको आर्थिक वर्ष रेइवा 6 सालको कर छुट प्रमाणपत्र (ओरिजिनल)** *"समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट पाएको कुरा थाहा हुने	☐
③	**जानकारी भरिसकेको ऋण मोचन आवेदनपत्र** *संलग्न गरिएको A3 साइजको कागजको दायाँ पट्टि P4 को भरेको उदाहरण हेरी कुनै ठाउँ पनि नछुट्ने गरी ध्यान दिएर भर्नुहोस्।	☐

P4 र 5 को पृष्ठ पनि अनिवार्य रूपमा हेर्नुहोस्।

(2) आवेदनको म्याद

रेइवा 6 साल (सन् 2024 साल) सेप्टेम्बर 30 तारिख (सोमबार) सम्म *पोष्टमार्क मान्य

*यदि आवेदनको म्याद नाघ्यो भने कर्जा चुक्ता योजना रकम पूर्ण रूपमा ऋण मोचन नहुने अवस्था पनि हुने हुनाले होस गर्नुहोस्।

(3) आवेदनपत्र आदि पेस गर्ने तरिका

संलग्न गरिएको फिर्ता पठाउने खाम (सेतो) मा माथि लेखिएको ①-③ हालेर हुलाक मार्फत पठाउनुहोस्।

*आवेदनपत्रमा जानकारी भर्न छुटेमा वा आवश्यक कागजात अपर्याप्त भएको खण्डमा पुनः कागजात पेस आदि गर्नुपर्ने हुनाले छानबिनमा समय लाग्नेछ। त्यसकारण सावधानीपूर्वक भित्रका कागजातहरू निश्चय गर्नुहोस्।

*एक भन्दा बढी कर्जा प्रकारको लागि एकैसाथ मोचन आवेदन दिने खण्डमा ① र ② को 1 प्रति मात्र ओरिजिनल संलग्न गरी अन्यको प्रतिलिपि संलग्न गर्नुहोस्।

① निवासी प्रमाणपत्र



② आर्थिक वर्ष रेइवा 6 सालको कर छुट प्रमाणपत्र



③ ऋण मोचन आवेदनपत्र

फिर्ता पठाउने खाम



फ्लो चार्टको परिणाम स्वरूप P.3•4•5 को परिचय गराइएकाहरूको लागि

(1) आवश्यक आवेदन कागजातहरूको बारेमा

संख्या	आवेदनको लागि आवश्यक कागजातहरू	स्वयं चेक कोलम
①	**निवासी प्रमाणपत्र** (ओरिजिनल) *अनिवार्य रूपमा निम्न 4 सर्तहरू सबै पूरा गर्ने निवासी प्रमाणपत्र पठाउनुहोस्। •**घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्धको उल्लेख** भएको •"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको ओरिजिनल र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको •माइनम्बरको उल्लेख नभएको •गत 3 महिनाभित्र जारी गरिएको	☐
②	**कर्जा लिने व्यक्ति र घरपरिवारको मुख्य व्यक्तिको आर्थिक वर्ष रेइवा 6 सालको कर छुट प्रमाणपत्र** (ओरिजिनल) *"समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट पाएको कुरा थाहा हुने *कर्जा लिने व्यक्ति र घरपरिवारको मुख्य व्यक्ति गरी 2 जनाको आवश्यक पर्नेछ।	☐
③	**जानकारी भरिसकेको ऋण मोचन आवेदनपत्र** *संलग्न गरिएको A3 साइजको कागजको दायाँ पट्टि P4 को भरेको उदाहरण हेरी कुनै ठाउँ पनि नछुट्ने गरी ध्यान दिएर भर्नुहोस्।	☐

P4 र 5 को पृष्ठ पनि अनिवार्य रूपमा हेर्नुहोस्।

(2) आवेदनको म्याद

रेइवा 6 साल (सन् 2024 साल) सेप्टेम्बर 30 तारिख (सोमबार) सम्म *पोष्टमार्क मान्य

*यदि आवेदनको म्याद नाघ्यो भने कर्जा चुक्ता योजना रकम पूर्ण रूपमा ऋण मोचन नहुने अवस्था पनि हुने हुनाले होस गर्नुहोस्।

(3) आवेदनपत्र आदि पेस गर्ने तरिका

संलग्न गरिएको फिर्ता पठाउने खाम (सेतो) मा माथि लेखिएको ①-③ हालेर हुलाक मार्फत पठाउनुहोस्।

*आवेदनपत्रमा जानकारी भर्न छुटेमा वा आवश्यक कागजात अपर्याप्त भएको खण्डमा पुनः कागजात पेस आदि गर्नुपर्ने हुनाले छानबिनमा समय लाग्नेछ। त्यसकारण सावधानीपूर्वक भित्रका कागजातहरू निश्चय गर्नुहोस्।

*एक भन्दा बढी कर्जा प्रकारको लागि एकैसाथ मोचन आवेदन दिने खण्डमा ① र ② को 1 प्रति मात्र ओरिजिनल संलग्न गरी अन्यको प्रतिलिपि संलग्न गर्नुहोस्।

① निवासी प्रमाणपत्र



② आर्थिक वर्ष रेइवा 6 सालको कर छुट प्रमाणपत्र
*कर्जा लिने व्यक्तिको र घरपरिवारको मुख्य व्यक्तिको गरी 2 वटा



③ ऋण मोचन आवेदनपत्र

फिर्ता पठाउने खाम



फ्लो चार्टको परिणाम स्वरूप P.2•4•5 को परिचय गराइएकाहरूको लागि

फ्लो चार्टको परिणाम स्वरूप P.3•4•5 को परिचय गराइएकाहरूको लागि

(4) ऋण मोचन आवेदनपत्र भरेको उदाहरण

(ढाँचा 1-1)

संयुक्त सहायता कोषको विशेष कर्जासँग सम्बन्धित कर्जा रकम तथा ऋण मोचनको आवेदनपत्र

«資金名称» को रकम

***कृपया गाडा रेखाभित्र सबै भर्नुहोस्।**

लेख्न नपर्ने

कोषको प्रकार	«資金名称»		
कर्जा लिने व्यक्तिको नाम	«受人姓名»		
कर्जा रकम	100,000 येन	मोचनका लागि [illegible]दित रक[illegible]	यसमा पर्ने कोष प्रकारको ऋण मोचनको
मोचनका लागि आवेदनको कारण	[illegible]	अनुसार	

P.2•4•5 को परिचय गराइएकाहरूको लागि

P.3•4•5 को परिचय गराइएकाहरूको लागि

घरपरिवारको अवस्था *कुनै एउटामा ☑ लगाउनुहोस्।	☐ हाल म (कर्जा लिने व्यक्ति) घरपरिवारको मुख्य व्यक्ति हुँ ☐ हाल कर्जा लिने व्यक्ति बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हुन् साथै हालको घरपरिवारको मुख्य व्यक्ति ऋण आवेदन दिने बेला कर्जा लिने व्यक्ति भन्दा बेग्लै घरपरिवारका थिए ☐ हाल कर्जा लिने व्यक्ति बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हुन् तर घरेलु हिंसाबाट बच्ने जस्ता कारणले घरपरिवारको मुख्य व्यक्तिको आयकर प्रमाणपत्र प्राप्त गर्न सकिँदैन	☐ देब्रेपट्टि लेखिएका कुनै [illegible]हरूसित पनि मेल [illegible]खाने खण्डमा
आवश्यक कागजात *कागजातहरू तयार गरी ☑ लगाउनुहोस्	तलका 3 कागजातहरू सबै आवश्यक छन् ☐ मोचन आवेदनपत्र (यो कागजात) ☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल) (घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको) ☐ कर्जा लिने व्यक्तिको आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छूट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छूट पाएको भनेर लेखिएको	तलका 3 कागजातहरू सबै आवश्यक छन् ☐ मोचन आवेदनपत्र (यो कागजात) ☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल) (घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको) ☐ कर्जा लिने व्यक्ति तथा घरपरिवारको मुख्य व्यक्तिको आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छूट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छूट पाएको भनेर लेखिएको

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद परिषद प्रमुख ज्यू

म निम्न 6 बुँदाहरूमा सहमत छु र मोचनको लागि आवेदन दिन्छु।

① यस विशेष व्यवस्थामा ऋण मोचनको निर्णय भएको खण्डमा आत्मनिर्भर परामर्श सहायता संस्थालाई उक्त संस्थाको काममा उपयोग गर्नको निम्ति म आफ्नो व्यक्तिगत जानकारी दिन सहमत छु।

② भरेको व्यक्तिगत जानकारीलाई म यस प्रणालीको लागि आवश्यक हदसम्ममा तेस्रो पक्षलाई उपलब्ध गराउने कुरामा सहमत छु।

③ म साइतामा प्रिफेक्चर समाज कल्याण परिषदद्वारा यस प्रणालीको लागि आवश्यक हदसम्ममा जापानको राष्ट्रिय समाज कल्याण परिषद, अन्य प्रिफेक्चरका समाज कल्याण परिषदहरू, गाउँपालिका वा नगरपालिकाका समाज कल्याण परिषदहरू, स्थानीय स्वायत्त सरकारी निकायहरू, सार्वजनिक रोजगार सुरक्षा कार्यालयहरू, आत्मनिर्भर परामर्श सहायता संस्थाहरू, घरेलु आर्थिक सुधार सहायता संस्थाहरू जस्ता सम्बन्धित संस्थाहरूसँग खोजी गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

④ म तथा मेरो घरपरिवारका सदस्यहरू हिंसात्मक संगठनको सदस्य होइनन्। म साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले आवश्यकता अनुसार सरकारी निकायहरू आदिबाट म अथवा मेरो परिवारको सदस्य हिंसात्मक संगठनको सदस्य हो वा होइन पत्ता लगाउनको लागि आवश्यक जानकारी माग गर्ने कुरामा सहमत छु। (हिंसात्मक संगठन भन्नाले "हिंसात्मक संगठनका सदस्यद्वारा गरिने अनुचित गतिविधि रोकथाम आदि सम्बन्धी ऐन" दफा 2 को उपदफा 2 मा उल्लेख भए अनुसार "उक्त संगठनको रचनात्मक सदस्य (जसमा उक्त संगठनको रचनात्मक संगठनको रचनात्मक सदस्य समावेश छ) ले सामूहिक रूपमा अथवा नियमित रूपमा हिंसात्मक गैरकानुनी गतिविधि आदि [illegible]मा बल पुऱ्याउने खतरा रहेको संगठन" भनी मानिन्छ।)

⑤ छानबिनको परिणाम स्वरूप ऋण मोचनको लागि अमान्य हुन गएमा त्यसको कारण खुलासा नगरिने कुरामा सहमत छु।

⑥ ऋण मोचन प्राप्त गर्ने उद्देश्यले घरपरिवारको मुख्य व्यक्ति परिवर्तन गरेको छैन। साथै ऋण मोचनको निर्णय भएपछि यस आवेदनपत्रमा उल्लिखित विवरण झुट भएको थाहा हुन आएको खण्डमा वा ऋण मोचनको सर्तसित मेल नखाने भनी थाहा हुन आएको खण्डमा ऋण मोचनलाई खारेज गरिने कुरामा सहमत छु।

रेइवा साल महिना तारिख *यो कागजात भरेको मिति लेख्नुहोस् *माथि प्रिन्ट गरिएको नाम अनुसार आफैले हस्ताक्षर गर्नुहोस्।

कर्जा लिने व्यक्तिको नाम (आफैले हस्ताक्षर)

Borrower's Name(Signature) _____

फोन नम्बर – *दिनको समयमा सम्पर्क हुने फोन नम्बर लेख्नुहोस्।

*आवेदकले निम्न ठाउँहरूमा नभर्नुहोस्।

लेख्न नपर्ने

*	कोष कोड	कर्जा कोड	स्वीकार नम्बर	साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले स्वीकार गरिएको मिति				
	SX	1234567		रेइवा	साल	महिना	तारिख	*999999999*

दायरामा पर्ने व्यक्तिहरूको विषयमा टिक लगाउनुहोस्।

नाम लेख्दा अनिवार्य रूपमा **पूरा नाम** लेख्नुहोस्।

•भरेको मिति र समय
•आफ्नो नाम र आफैले हस्ताक्षर
•फोन नम्बर
नबिर्सीकन भर्नुहोस्।

1 ऋण मोचन आवेदनको विधिको बारेमा (मोचन पाउन सक्नेमा पर्नेहरूको लागि)

फ्लो चार्टको परिणाम स्वरूप P.2•4•5 को परिचय गराइएकाहरूको लागि

फ्लो चार्टको परिणाम स्वरूप P.3•4•5 को परिचय गराइएकाहरूको लागि

(5) कर छुट प्रमाणपत्रको बारेमा

निवासी करको "समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा छुट भनेर थाहा हुने कर छुट प्रमाणपत्र भनेको के हो ?

- यसले तपाईं बस्ने क्षेत्रको स्थानीय तहको कार्यालयले जारी गर्ने व्यक्तिगत कर रकम प्रमाणित गर्ने कागजातलाई जनाउँछ।
- आयस्ता (ट्याक्स रिटर्न) को स्वघोषणा वा वर्षान्तको कर समायोजन नगरेको खण्डमा निवासी करको स्वघोषणा नगरेसम्म कर छुटको प्रमाणपत्र उपलब्ध नगराउने अवस्था हुन सक्नेछ।
- निवासी करको स्वघोषणा विधि तथा निम्न प्रकारका करसँग सम्बन्धित प्रश्नहरूको बारेमा साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले जवाफ दिन सक्दैन। तपाईं बस्ने क्षेत्रको स्थानीय तहको कार्यालयको कर लागु गर्ने अधिकारीसँग सम्पर्क गर्नुहोस्।

उदाहरण)
- कर छुट प्रमाणपत्रको प्राप्ति तथा जारीको बारेमा
- निवासी कर छुट निश्चय गर्ने तरिका
- आयको स्वघोषणा नगरेको अवस्थामा कर छुट प्रमाणपत्र प्राप्तिको बारेमा आदि

(6) मोचन पाउन सक्नेमा पर्ने कर्जा चुक्ता रकमको दायराको बारेमा

- मोचन पाउन सक्नेमा पर्ने रकम भनेको **रेइवा 7 साल जनवरी 1 तारिख पछिको कर्जा चुक्ता योजना रकम (बाँकी रकम)** हो।
- रेइवा 6 साल डिसेम्बर 31 तारिखको कर्जा चुक्ता योजना रकम **मोचनको दायरा बाहिर पर्ने हुनाले कर्जा चुक्ता गर्नुपर्छ।**

[उदाहरण) संयुक्त सहायता कोष (लम्ब्याएको) 6 लाख येनको कर्जा मासिक 5,000 येन/120 पटक भुक्तानीको खण्डमा]



[ध्यान दिनुहोस्]
- कर्जा चुक्ता स्थगनमा रहेको खण्डमा वा हरेक महिनाको कर्जा चुक्ता रकम अनुसार यो लागू हुनेछैन।
- मोचन पाउन सक्नेमा पर्ने रकम सम्बन्धी व्यक्ति अनुसारको विस्तृत जानकारीको लागि तलको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।
- कर्जा चुक्ता योजना रकम नाघेर कर्जा चुक्ता गरिसकेको रकमको सन्दर्भमा मोचन पाउन सक्नेमा पर्ने अवस्थामा पनि फिर्ता गर्न सकिनेछैन।

[आवेदन/सम्पर्क स्थान]
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
[फोन नम्बर] 050-2018-1839 [सम्पर्क हुने समय] बिदाको दिन बाहेक 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

1 ऋण मोचन आवेदनको विधिको बारेमा (मोचन पाउन सक्नेमा पर्नेहरूको लागि)

फ्लो चार्टको परिणाम स्वरूप P.2•4•5 को परिचय गराइएकाहरूको लागि

फ्लो चार्टको परिणाम स्वरूप P.3•4•5 को परिचय गराइएकाहरूको लागि

(7) आवेदन अघि पुनः निश्चय

*आवेदनपत्रमा जानकारी भर्न छुटेमा वा आवश्यक कागजात अपर्याप्त भएको खण्डमा पुनः कागजात पेस आदि गर्नुपर्ने हुनाले छानबिनमा समय लाग्नेछ। त्यसकारण सावधानीपूर्वक भित्रका कागजातहरू निश्चय गर्नुहोस्।

संख्या	निश्चय विवरण	स्वयं चेक कोलम
①	पृष्ठ 1 को फ्लो चार्ट हेरी **ऋण मोचन पाउन सक्नेमा पर्ने वा नपर्ने, निश्चय** गर्नुभयो ?	☐
②	ऋण मोचन आवेदनपत्रमा **चेक, भरेको मिति, आफैले हस्ताक्षर, फोन नम्बर** लेख्नुभयो ?	☐
③	**घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको ओरिजिनल** निवासी प्रमाणपत्र संलग्न गर्नुभयो ?	☐
④	कर्जा लिने व्यक्ति (अथवा कर्जा लिने व्यक्ति तथा घरपरिवारको मुख्य व्यक्ति दुवै) को **आर्थिक वर्ष रेइवा 6 सालको** कर छुट प्रमाणपत्रको **ओरिजिनल** प्रति हो?	☐
⑤	कर छुट प्रमाणपत्रमा **समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा छुट पाएको कुरा** लेखिएको छ ?	☐

[आवेदनको म्याद] रेइवा 6 साल (सन् 2024 साल) सेप्टेम्बर 30 तारिख (सोमबार) सम्म
*पोष्टमार्क मान्य

*यदि आवेदनको म्याद नाघ्यो भने कर्जा चुक्ता योजना रकम पूर्ण रूपमा ऋण मोचन नहुने अवस्था पनि हुन सक्छ।

छानबिनको परिणामको बारेमा

•मोचन हुन्छ वा हुँदैन भन्नेबारे रेइवा 6 साल अगस्टदेखि क्रमिक रूपमा जानकारी गराइनेछ।
•कसैको व्यक्तिगत छानबिन स्थितिको बारेमा जवाफ दिन नसकिने हुनाले त्यस्तो सोधपुछ नगर्नुहोस्।
(परिणामको सूचना नआएसम्म पर्खनुहोस्)

[आवेदन/सम्पर्क स्थान]
समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी

[ठेगाना] 〒338-0001 साइतामा केन साइतामा-शि च्युओ-कु कामिओचिआइ 2-11-27
[फोन नम्बर] **050-2018-1839** [सम्पर्क हुने समय] बिदाको दिन बाहेक **9:00-17:00**
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

[अनुरोध]
•कागजातहरू कार्यालयमा प्रत्यक्ष स्वीकार गरिनेछैन। कार्यालयमा आफैले ल्याएर कागज प्रक्रिया गर्न नखोज्नुहोस्।
•यो सूचना प्राप्त गरेको तुरुन्तै पछि सम्बन्धित कार्यालयमा फोनमा सम्पर्क हुन गाह्रो हुन सक्छ।
•एक पटक पेस गरेको कागजातहरू फिर्ता गरिनेछैन।

2 कर्जा चुक्ता स्थगन तथा अन्य मोचनको बारेमा (मोचनको दायरामा नपर्ने व्यक्तिहरूको लागि)

फ्लो चार्टको परिणाम स्वरूप P.6 को परिचय गराइएकाहरूको लागि

(1) कर्जा चुक्ता स्थगनको आवेदनको बारेमा

मोचन आवेदनका आवश्यकताहरूमा नपर्ने अवस्थामा पनि विमारी, बेरोजगारी, आयमा ह्रास वा अन्य परिस्थितिको कारणले हाल कर्जा चुक्ता गर्न गाह्रो भएमा कर्जा चुक्ता स्थगनको आवेदन दिन सकिन्छ। [आवेदन म्याद] **अन्तिम कर्जा चुक्ताको म्याद महिनाको अघिल्लो महिनाको 15 तारिखसम्म**

(2) अन्य ऋण मोचनको बारेमा

कर्जा चुक्ता गर्न सुरु भएपछि निम्न आवश्यकताहरू पुरा गरेमा ऋण मोचन आवेदन गर्न सकिन्छ।

(1) जीवनयापन सुरक्षा भत्ता प्राप्त गरेको खण्डमा
(2) मानसिक स्वास्थ्य कल्याण पुस्तिका (तह 1) वा शारीरिक अपाङ्गता पुस्तिका (तह 1 वा 2) प्राप्त गरेको खण्डमा

माथि लेखिएको (1) र (2) को विस्तृत आवेदन विधि सम्बन्धी जानकारीको लागि तलको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।

3 यस बाहेकका अन्य जानकारी

ठेगाना वा नाम परिवर्तन भएको खण्डमा नाम आदि परिवर्तनको सूचनालाई तल लेखिएका कागजातहरूसँग संलग्न गरी हुलाक मार्फत तलको स्थानमा पठाउनुहोस्।
*तलको आवेदन/सम्पर्क स्थानमा भएको URL बाट नाम आदि परिवर्तनको सूचना डाउनलोड गर्न सकिन्छ।
*पेस गर्न बाँकी अवस्थामा भविष्यमा गर्नुपर्ने कर्जा चुक्ता सम्बन्धी जानकारी नआउने सम्भावना हुन्छ।

परिवर्तन विवरण	संलग्न गर्नुपर्ने कागजात
ठेगाना परिवर्तन	**निवासी प्रमाणपत्र (ओरिजिनल) *प्रतिलिपि मान्य हुनेछैन** •**अघिल्लो ठेगाना र हालको ठेगाना** लेखिएको सम्पूर्ण घरपरिवारका सदस्यहरूको नाम उल्लेख भएको •**माइनम्बरको उल्लेख नभएको** •**गत 3 महिनाभित्र जारी गरिएको**
नामथर परिवर्तन	**निवासी प्रमाणपत्र (ओरिजिनल) *प्रतिलिपि मान्य हुनेछैन** •**नयाँ थर तथा पुरानो थर** लेखिएको सम्पूर्ण घरपरिवारका सदस्यहरूको नाम उल्लेख भएको •**माइनम्बरको उल्लेख नभएको** •**गत 3 महिनाभित्र जारी गरिएको**
कर्जा लिने व्यक्तिको मृत्यु	**निवासी दर्ता हटाएको प्रमाणपत्र (गत 3 महिनाभित्र जारी)** अथवा **मृत्यु प्रमाणपत्रको प्रतिलिपि**

◆आत्मनिर्भर परामर्श सहायता संस्था परामर्श काउन्टरको बारेमा (https://www.mhlw.go.jp/content/000707280.pdf)

"आत्मनिर्भर परामर्श सहायता संस्था" भन्नाले सामान्य जीवनयापनका समस्याहरूको लागि परामर्श काउन्टर हो र यी काउन्टरहरू जापानका सहरहरूमा राष्ट्रव्यापी रूपमा स्थापित गरिएको छ।
चाहेर पनि काम गर्न नसकेको, बस्ने ठाउँ नभएको जस्ता जीवनयापनसँग सम्बन्धित समस्याहरू छ भने आफू बस्ने इलाकाको परामर्श काउन्टरमा परामर्श गर्नुहोस्।

आत्मनिर्भर परामर्श सहायता संस्था परामर्श काउन्टरको सूची

◆मोचन आवेदन वा कर्जा चुक्ता सम्बन्धी प्रायः सोधिने प्रश्नहरू Q&A

साइतामा प्रिफेक्चर सामाजिक कल्याण परिषदको होमपेजमा यसबारे पोस्ट गरिएको छ। (आवश्यकता अनुसार अप्डेट गरिने योजना छ)
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

[आवेदन/सम्पर्क स्थान]
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
[फोन नम्बर] 050-2018-1839 [सम्पर्क हुने समय] बिदाको दिन बाहेक 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

4 にほんごが わからない かたへ(For Foreigners)

このあんないは しょうかんの めんじょ の しんせい にかんする ごあんないです。
にほんご が わからない かたは、コールセンターに でんわ してください。
phone number 050-2018-1839 open/closed へいじつ 9:00 ～17:00

This is a guide to applying for repayment forgiveness.
For those who do not speak or read Japanese, please contact our call center.
Tel.: 050-2018-1839 Opening hours: weekdays from 9 a.m. to 5 p.m.

本通知是关于申请免除偿还的通知。
如果您不懂日语，请致电呼叫中心。
电话号码：050-2018-1839 服务时间：工作日9:00～17:00

본 안내는 상환 면제 신청에 관한 안내입니다.
일본어를 모르시는 분은 콜센터로 전화 주시기 바랍니다.
전화번호: 050-2018-1839 접수 시간: 평일 9:00~17:00

Estas são orientações relacionadas à solicitação de isenção de pagamento.
Caso não entenda japonês, telefone para a central de atendimento.
Telefone: 050-2018-1839 Horário de atendimento: nos dias úteis, das 9h às 17h

Hướng dẫn này là hướng dẫn về việc nộp đơn xin miễn hoàn trả.
Quý vị không biết tiếng Nhật vui lòng gọi đến Tổng đài.
Số điện thoại: 050-2018-1839 Thời gian tiếp nhận: 9:00 ~ 17:00 các ngày thường trong tuần

Ang gabay na ito ay tungkol sa pag-apply para sa exemption sa pagbabayad.
Mangyari lamang na tumawag sa call center kung hindi nakakaintindi ng wikang Hapon.
Telepono: 050-2018-1839 Oras ng tanggapan: 9:00 am - 5:00 pm (karaniwang araw)

यो जानकारी ऋण मोचनको लागि आवेदन दिने सम्बन्धी सूचना हो।
जापानी भाषा नबुझ्ने व्यक्तिले कल सेन्टरमा फोन गर्नुहोस्।
फोन नम्बर: 050-2018-1839 खुला समय: सोमबार~शुक्रबार 9:00~17:00 (सार्वजनिक बिदाको दिन बाहेक)

Bu kılavuz geri ödemeden muafiyet başvurusu hakkındadır.
Japonca bilmiyorsanız, lütfen çağrı merkezini arayın.
Telefon numarası: 050-2018-1839 Danışma saatleri: Hafta içi 9:00-17:00

【Application and contact details】

Saitama prefectural council of Social welfare
Repayment and Exemption of Special Loan Section

【Address】 2-11-27 kamiochiai, Chuo-ku, Saitama-shi, Saitama 338-0001
【Contact Number】☎**050-2018-1839**
【Reception Time】 **9:00~17:00** (on weekdays)

https://www.fukushi-Saitama.or.jp/site/problem_33.html

【Notes】・This venue does not receive documents.
Please do not carry out procedures by bringing documents here.
・Note that it may be difficult to contact the call center by phone immediately after you receive this notice.
・Note that submitted documents cannot be returned.